# प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७७

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०७।१४

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. प्रदेश सूचनाको हक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७७ | २०७७।०२।२६ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |

संवत् २०७६ सालको ऐन नं. १७

**<u>प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**: प्रदेश सरकारका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ११ बमोजिम मनोनीत व्यक्ति सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "पुनरावेदन समिति" भन्नाले दफा ११ बमोजिमको पुनरावेदन समिति सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

♣(घ१.) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनु पर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

♣ पहिलो संशोधनद्वारा थप।

गरिएको वा मुद्रित वा पुनःप्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्री समेतलाई जनाउँछ।

(छ) "सदस्य" भन्नाले दफा ११ बमोजिम मनोनीत व्यक्ति सम्झनु पर्छ।

(ज) "सार्वजनिक महत्त्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनु पर्छ।

(झ) "सार्वजनिक निकाय" भन्नाले देहाय बमोजिमका निकाय वा संस्था सम्झनु पर्छः-

(१) संविधान अन्तर्गतका निकाय,

(२) प्रदेश ऐनद्वारा स्थापित निकाय,

(३) प्रदेश सरकारद्वारा गठित निकाय,

(४) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,

(५) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त सङ्गठित संस्था,

(६) प्रदेश कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,

(७) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदेश सरकार वा विदेशी राष्ट्र वा अन्तराष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरु,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(८) संविधान तथा संघीय कानून बमोजिम प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणबाट सम्पन्न गर्नु पर्ने कार्यक्रमसँग सम्बन्धित प्रदेशभित्र रहेका नेपाल सरकारका निकाय,

(९) संविधान, संघीय कानून तथा प्रदेश कानून बमोजिम प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणबाट सम्पन्न गर्नु पर्ने नीति, कानून तथा कार्यक्रमसँग सम्बन्धित प्रदेशमा रहेका स्थानीय तह,

(१०) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ञ) "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सम्बन्धित नागरिकसँग सरोकार राख्ने वा सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ।

(ट) "सूचना अधिकारी" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ।

(ठ) "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै तथ्य-तथ्याङ्क, लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भै रहेको स्थलको अनुगमन र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको तथ्य-तथ्याङ्क, आँकडा तथा सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ।

## परिच्छेद- २

## <u>सूचनाको हक र सूचना प्रवाह सम्बन्धी व्यवस्था</u>

**३.** **<u>सूचनाको हक हुने</u>:** (१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचना प्रवाह गरिने छैनः-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने।

तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

४. **<u>सार्वजनिक निकायको दायित्व</u>**ः (१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछः-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने, गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने,

(घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ।

**५.** **<u>सूचनाको अद्यावधिक र प्रकाशन</u>**ः (१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक सूचना सार्वजनिक निकायले प्रकाशन गर्दा सो निकायसँग सम्बन्धित देहायका सूचना समेत सूचीकृत गरी चौमासिक रूपमा अनिवार्य प्रकाशन गर्नु पर्नेछ।

(क) निकायको स्वरूप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ड) विगतमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए आवश्यकतानुसार सोको विवरण,

(ढ) तोकिए बमोजिमका अन्य विवरण।

६. **<u>सूचना अधिकारीको व्यवस्थाः</u>** (१) प्रदेश वा स्थानीय तह अन्तर्गतका सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयका सूचनाहरु नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गर्नु पर्नेछ।

७. **<u>सूचना प्राप्त गर्ने कार्यविधिः</u>** (१) यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष रीत पूर्वक निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि सूचना अधिकारीले निवेदनको जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन सम्बन्धमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारण सहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

(६) सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रिने, भत्किने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ।

(८) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउनेछ।

(९) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनु पर्नेछ।

८. **<u>सूचना वापत लाग्ने दस्तुर</u>**ः (१) दफा ७ बमोजिम सूचना माग गर्दा निवेदकले तोकिए बमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।

तर कुनै सूचनाको सन्दर्भमा प्रचलित कानूनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिनेछ।

९. **उजुरी दिन सक्नेः** (१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा *वा गलत सूचना उपलब्ध गराएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुख समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको *वा गलत सूचना उपलब्ध गराएमा देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा थप।

**१०. <u>पुनरावेदन दिन सक्ने</u>**ः (१) दफा ९ को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा सूचना पुनरावेदन समितिले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदन समितिले देहाय बमोजिम गर्न सक्नेछः-

(क) पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न।

(४) पुनरावेदन समितिले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नु पर्नेछ।

(५) पुनरावेदन समितिले यस दफा बमोजिम पुनरावेदनको कारबाही गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

# परिच्छेद- ३

## पुनरावेदन समिति सम्बन्धी व्यवस्था

११. **पुनरावेदन समिति सम्बन्धी व्यवस्थाः** (१) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न, तथा दफा ९ बमोजिम कार्यालय प्रमुखले गरेको निर्णय उपर पुनरावेदन तथा अन्य उजुरी र निवेदन सुन्न एक स्वतन्त्र पुनरावेदन समिति रहनेछ।

(२) पुनरावेदन समितिमा अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन्।

(३) उपदफा (२) बमोजिम पुनरावेदन समितिका अध्यक्ष र सदस्यको पदमा मनोनीत गर्न देहाय बमोजिम एक सिफारिस समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) मुख्य न्यायाधिवक्ता -सदस्य

(ग) अध्यक्ष, नेपाल पत्रकार महासंघ, प्रदेश समिति -सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिश समितिले उपदफा (२) बमोजिमका अध्यक्ष र सदस्यहरुको सिफारिस गर्दा कानून, न्याय, सूचना तथा अभिव्यक्ति स्वतन्त्रता, आम सञ्चार, सार्वजनिक प्रशासन, व्यवस्थापन, मानव अधिकार र सूचना प्रविधिमध्ये कुनै क्षेत्रमा अध्यक्षका लागि कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति मध्येबाट कम्तीमा एकजना महिला सहित फरक फरक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारले अध्यक्ष र सदस्य मनोनीत गर्नेछ। त्यसरी मनोनीत गर्दा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

**१२.** **<u>योग्यता</u>**: पुनरावेदन समितिको अध्यक्ष र सदस्यको पदमा मनोनीत हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) प्रचलित कानूनले अयोग्य नठहरिएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट अध्यक्षको हकमा कम्तीमा स्नातकोत्तर र सदस्यको हकमा कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(घ) ✂........

**१३.** **<u>अयोग्यता</u>**: देहायको व्यक्ति पुनरावेदन समतिको अध्यक्ष र सदस्यको पदमा मनोनीत हुन अयोग्य हुनेछः-

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) कुनै राजनैतिक पदमा बहाल रहेको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(घ) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी भएको,

(ङ) प्रचलित कानून बमोजिम मनोनीत हुन अयोग्य भएको।

---

✂ पहिलो संशोधनद्वारा हटाइएको।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

१४. **पदावधिः** (१) पुनरावेदन समितिको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ र निज सो पदमा पुनः मनोनीत हुन सक्नेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको पदावधिको अधीनमा रही सदस्य अध्यक्षको पदमा मनोनीत हुन सक्नेछ।

(३) अध्यक्ष र सदस्यको पदावधि सकिनुभन्दा पैंतीस दिन अगावै दफा ११ को उपदफा (३) बमोजिमको सिफारिस समितिले नयाँ मनोनयनका लागि सिफारिस गर्नु पर्नेछ।

१५. **पद रिक्त हुनेः** देहायका अवस्थामा पुनरावेदन समतिको अध्यक्ष र सदस्य पद रिक्त भएको मानिनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजले मुख्यमन्त्री समक्ष लिखित राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम आफ्नो पदबाट हटाएमा।

१६. **पदबाट हटाउन सक्नेः** प्रदेश सभाको सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा ईमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रहीरहनु उपयुक्त

छैन भनी निर्णय भएमा त्यस्तो अध्यक्ष वा सदस्य पुनरावेदन समितिको पदबाट हट्नेछ।

तर त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई आफ्नो सफाइ पेश गर्न मनासिव माफिकको मौकाबाट वञ्चित गरिने छैन।

१७. **पुनरावेदन समितिका पदाधिकारीको सुविधाः** (१) पुनरावेदन समितिका पदाधिकारीले प्रदेश सरकारका सचिव वा सो सरहको पदाधिकारीले पाए सरह बैठक भत्ता पाउनेछन्।

(२) पुनरावेदन समितिको बैठक बस्दा समितिका पदाधिकारीले उपदफा (१) मा उल्लिखित बैठक भत्ताको अतिरिक्त सचिवालय रहेको जिल्ला भन्दा बाहिरी जिल्ला वा सोही जिल्लाको कम्तीमा दश किलोमिटर भन्दा टाढा स्थायी बसोबास गर्ने पदाधिकारी रहेछ भने निजले प्रदेश सरकारको सचिव वा सो सरहको पदाधिकारीले पाउने दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

(३) पुनरावेदन समितिका पदाधिकारीले पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

१८. **शपथः** आफ्नो कार्यभार समाल्नु अघि पुनरावेदन समितिको अध्यक्षले मुख्यमन्त्री र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

१९. **पुनरावेदन समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना सम्बन्धी अभिलेख, लिखत र अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सुचीकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) प्रदेश सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने,

(ज) प्रदेश सरकारले प्रदेशभित्रका आम जनसमुदाय, जनजाति, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत र निम्न बर्गीय जनसमुदायको हितमा ल्याएको विभिन्न कार्यक्रमहरुलाई योजनावद्ध रूपमा सम्बन्धित निकाय मार्फत सार्वजनिक गराई सुसूचित गराउने।

२०. **<u>पुनरावेदन समितिको बैठक तथा निर्णयः</u>** (१) पुनरावेदन समितिको बैठक समितिमा दर्ता भएका पुनरावेदन, उजुरी तथा निवेदनका आधारमा आवश्यकता अनुसार बस्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) पुनरावेदन समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा बैठक बस्नु पर्दा नियुक्ति हुँदाका बखत कायम भएको योग्यताक्रम अनुसार जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) पुनरावेदन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **<u>सचिवालयः</u>** (१) पुनरावेदन समितिको सचिवालय प्रदेशको राजधानीमा रहने छ।

(२) मन्त्रालयको कानून हेर्ने महाशाखा प्रमुखले पुनरावेदन समितिको सचिव भई कार्य गर्नेछ।

(३) मन्त्रालयबाट विनियोजित बजेट बमोजिम पुनरावेदन समितिको सचिवालय खर्च एवं व्यवस्थापन हुनेछ।

(४) सचिवालयको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ।

(५) पुनरावेदन समितिको काम कारबाहीमा सहयोग र समन्वय गर्नु सचिवालय र सो अन्तर्गत खटिएका कर्मचारीको कर्तव्य हुनेछ।

(६) सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **<u>अधिकार प्रत्यायोजनः</u>** पुनरावेदन समितिले आफ्नो दफा १० बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने अधिकार बाहेकका अन्य काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२३. **<u>पुनरावेदन समितिलाई सहयोग गर्नु पर्ने</u>**: (१) सार्वजनिक निकायले पुनरावेदन समितिको काम कारबाहीमा सहयोग गर्नु पर्नेछ।

(२) प्रदेश सरकारका सबै निकाय र स्थानीय तहले प्रदान गरेका सूचनाहरुको विवरण प्रत्येक तीन महीनामा सूचना अधिकारीमार्फत पुनरावेदन समितिलाई उपलब्ध गराउनु पर्नेछ।

२४. **<u>वार्षिक प्रतिवेदन</u>**: (१) पुनरावेदन समितिले प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१)बमोजिमको प्रतिवेदन पुनरावेदन समितिले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछ।

२५. **<u>प्रदेश सरकारसँग सम्पर्क</u>**: पुनरावेदन समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चारसँग सम्बन्धित मन्त्रालय मार्फत राख्नु पर्नेछ।

## **परिच्छेद- ४**

## **<u>सूचनाको संरक्षण तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>**

२६. **<u>सूचनाको वर्गीकरण सम्बन्धी व्यवस्था</u>**: (१) सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव -सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनको लागि दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नु पर्ने हो, सोको अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सोको जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनु पर्ने भनी पुनरावेदन समितिमा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर पुनरावेदन समितिले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नु पर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ।

(५) उपदफा (२) बमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृति अनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नु पर्ने सूचना गोप्य राखिराख्नु पर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्नेछ।

(७) उपदफा (६) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मको लागि गोप्य राखि राख्नु पर्ने भएमा त्यसरी गोप्य रहनु पर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२७. **सूचनाको संरक्षणः** (१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरीराख्नु पर्नेछ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरु देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमति बिना प्रयोग गर्न हुँदैनः-

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानून बमोजिम प्रकट गर्नु पर्ने विषय भएमा,

(ग) भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा।

२८. **सूचनादाताको संरक्षणः** (१) सार्वजनिक निकायमा भएको वा भैरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानि नोक्सानी पुर्‍याउन पाइने छैन।

(४) उपदफा (३) विपरीत हुने गरी सूचनादातालाई सजाय गरेमा वा हानि नोक्सानी पुर्‍याएमा सूचनादाताले सो निर्णय बदर

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गराउन क्षतिपूर्तिको माग सहित पुनरावेदन समितिमा उजुरी गर्न सक्नेछ।

(५) पुनरावेदन समितिले उपदफा (४) बमोजिम परेको उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउन समेत आदेश दिन सक्नेछ।

२९. **<u>व्यक्तिगत सूचना उपलब्ध गराउने</u>:** (१) कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भए बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने र प्राप्त गर्ने कार्यविधि दफा ७ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम सूचना लिँदा दफा ८ बमोजिमको दस्तुर लाग्नेछ।

३०. **<u>सूचनाको दुरूपयोग गर्न नहुने</u>:** (१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो, सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गर्न हुँदैन।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचनाको दुरूपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा पुनरावेदन समिति समक्ष उजुरी गर्न सक्नेछ।

३१. **<u>सजाय</u>:** (१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारण बिना सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक

रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा समितिले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिना कारण समयमा उपलब्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रति दिन दुई सय रूपैयाँको दरले जरीवाना हुनेछ।

(३) उपदफा (१) बमोजिम समितिबाट विभागीय कारबाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महीनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी *पुनरावेदन समितिलाई दिनु पर्नेछ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा *पुनरावेदन समितिले सूचनाको दुरूपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) *पुनरावेदन समितिले यस ऐन बमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई *पुनरावेदन समितिले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

**३२. क्षतिपूर्तिः** (१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐन बमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै

---

* पहिलो संशोधनद्वारा थप।

व्यक्तिलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महीनाभित्र पुनरावेदन समिति समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिव देखिएमा पुनरावेदन समितिले निवेदकलाई पर्न गएको वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्नेछ।

## परिच्छेद- ५

## विविध

३३. **सूचना सच्याउन सकिने**: (१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाण सहित सम्बन्धित प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

३४. **असल नियतले गरेको कामको बचाउ**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

३५. **<u>यसै ऐन बमोजिम हुने</u>**: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

३६. **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची

(दफा १८ सँग सम्बन्धित)

**शपथको ढाँचा**

म … … … … … … … … … … मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनु पर्ने भनी जनताद्वारा जनआन्दोलन मार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको पुनरावेदन समितिको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हक सम्बन्धी कानूनको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्न क्रियाशील रहनेछु।

मितिः-

हस्ताक्षरः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय